# जिल्ला समन्वय समितिको कार्यालय
घोराही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

फोनः०८२-५६११४४
०८२-५६०१४४
Email: ddcdang82@gmail.com
Website: dccdang.gov.np


पत्र संख्याः ०८१/८२
चलानी नं: ३६१

मितिः२०८२/०२/११
ने.सं. ११४५

विषयः जिल्ला स्तरीय मूल समारोह समितिको निर्णयको प्रतिलिपी पठाएको सम्वन्धमा।

श्री स्थानीय तह सबै,
दाङ।

उपर्युक्त सम्वन्धमा जिल्ला स्तरीय मूल समारोह समितिको मिति २०८२/०२/०८ गतेको निर्णयको प्रतिलिपी आवश्यक कायार्थ यसै पत्रसाथ पठाएको व्यहोरा अनुरोध छ।

सावित्री श्रेष्ठ
जिल्ला समन्वय अधिकारी

घोराही उप-महानगरपालिका
दाङ
११५२
२०८२।२।१२

प्रस्तावहरु
१. गणतन्त्र दिवस २०८२ मनाउने सम्बन्धमा

गणतन्त्र दिवस मनाउने सन्दर्भमा समन्वय प्रमुखको अध्यक्षतामा मिति २०८२।२।८ गतेको बैठकका निर्णयहरु

**निर्णय नं. १**
गृह मन्त्रालय मूल समारोह समितिको (सचिवालय) को मिति २०८२।२।६ को प्राप्त पत्रानुसार गणतन्त्र दिवस २०८२ ज्येष्ठ १४,१५ र १६ गते ३ दिन सम्म जिल्ला स्थित सबै सरकारी निकाय,प्रतिष्ठान, तथा संघ संस्थाका कार्यालयहरुमा निर्धारित साइजका झण्डा, मर्यादापूर्वक राखी सजाउने र कार्यालय परिसरको सरसफाइ गरी साँझ दीप प्रज्वलन गर्ने ।

**निर्णय नं. २**
जिल्ला स्थित सबै सरकारी तथा गैर सरकारी संघ संस्था, राजनैतिक दल, नागरिक समाज, पत्रकार महासंघ, सुरक्षाकर्मी, निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीहरु अनिवार्य रुपमा २०८२।२।१५ गते बिहान ७.०० बजे जिल्ला प्रशासन कार्यालयमा भेला भई प्रभातफेरि गरी जिल्ला समन्वय समितिमा कोष सभा गर्ने ।

**निर्णय नं. ३**
जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा सामुदायिक संघ संस्थाद्वारा स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने ।

**निर्णय नं. ४**
शिक्षा विकास तथा समन्वय इकाईको समन्वयमा फरक क्षमता भएका विद्यार्थीहरुलाइ उपयुक्त हुने शैक्षिक तथा खेलकूद सामाग्री वितरण गर्ने ।

**निर्णय नं. ५**
माथि उल्लेखित कृयाकलाप वाहेक अन्य कृयाकलाप गर्न इच्छुक भएका संघ संस्थाहरुले आ आफनो कृयाकलापको प्रस्तावित कार्यक्रम निर्धारण गरी यस समितिलाई जानकारी गराउने ।

**निर्णय नं. ६**
जिल्लाका १० वटै पालिकामा गणतन्त्र दिवस मनाउनको लागि सम्बन्धित स्थानीय तहका प्रमुखको अध्यक्षतामा गणतन्त्र दिवस कार्यक्रम आयोजक समिति गठन गरी गणतन्त्र दिवस विविध कार्यक्रमका साथ भव्यरुपमा मनाउन सबै स्थानीय तहलाई पत्राचार गर्ने ।

**निर्णय नं. ७**
जिल्लाका सबै स्थानीय तहलाई मा.प.से. परीक्षण किट न्यूनतम १० पिसका दरले जिल्ला सुरक्षा निकायलाइ उपलब्ध गराउन अनुरोध गर्ने ।